# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हुवास, पर्वत    गण्डकी प्रदेश, नेपाल।

☏: 067 – 411101, 067 – 411102
✉: info@paiyunmun.gov.np
✉: paiyungapa@gmail.com
: www.paiyunmun.gov.np


प.सः २०८२/०८३
च.नं :

गाउँ पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

मितिः २०८३।०१।३१

**<u>वस्तु तथा सेवाको मूल्य सूची सार्वजनिक गर्ने सम्बन्धी सूचना।</u>**

प्रस्तुत विषयमा यस पैयूँ गाउँपालिकाको क्षेत्राधिकार भित्र सञ्चालनमा रहेका होटल, रेष्टुरेन्ट, किराना पसल, स्टेशनरी, औषधि पसल, निर्माण सामग्री पसल लगायत सम्पूर्ण व्यवसायी तथा सेवा प्रदायकहरूले उपभोक्ता हित संरक्षण गर्ने, बजार अनुगमनलाई प्रभावकारी बनाउने तथा मूल्यमा एकरूपता कायम गर्ने उद्देश्यका साथै नेपाल सरकारको प्रचलित कानुन एवं उपभोक्ता संरक्षण ऐन, २०७५ को प्रावधान बमोजिम आफ्नो व्यावसायिक स्थलमा उपभोक्ताले स्पष्ट देख्न सक्ने गरी वस्तु तथा सेवाको अद्यावधिक मूल्य सूची अनिवार्य रूपमा सार्वजनिक गरी राख्नुपर्ने कानुनी व्यवस्था रहेको हुँदा सोही व्यवस्थाको कार्यान्वयनका लागि सम्पूर्ण व्यवसायी एवं सेवा प्रदायकहरूलाई देहाय बमोजिमका सर्त तथा निर्देशनहरू पूर्ण रूपमा पालना गर्न यो सूचना मार्फत सूचित गरिन्छ।

**<u>पालना गर्नुपर्ने सर्तहरू:</u>**

१) आफूले बिक्री गर्ने सम्पूर्ण वस्तु तथा सेवाको अद्यावधिक मूल्य सूची सबैले स्पष्ट रूपमा देख्ने र बुझ्ने गरी कार्यस्थलमा अनिवार्य रूपमा टाँस गर्ने।
२) बजार मूल्यमा हुने परिवर्तन अनुसार मूल्य सूचीलाई नियमित रूपमा अद्यावधिक गर्ने।
३) प्रत्येक वस्तु वा सेवाको बिक्री गर्दा अनिवार्य रूपमा नियमसम्मत बिल वा रसिद उपलब्ध गराउने।
४) बजारमा कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने, गुणस्तरहीन वस्तुको बिक्री गर्ने तथा निर्धारित मूल्यभन्दा बढी रकम असुल गर्ने जस्ता गैरकानुनी कार्य नगर्ने/नगराउने।
५) गाउँपालिका वा सम्बन्धित निकायबाट हुने आकस्मिक बजार अनुगमनका क्रममा आवश्यक सूचना उपलब्ध गराई पूर्ण रूपमा सहयोग र समन्वय गर्ने।

उपरोक्त निर्देशनको अवज्ञा गरी मूल्य सूची नराखेको वा उपभोक्ता हक विपरीतका कार्य गरेको पाइएमा प्रचलित कानुन (उपभोक्ता संरक्षण ऐन तथा अन्य नियमावली) बमोजिम कडा कानुनी कारबाही गरिने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

.........................
जिवन गैरे
**प्रमुख प्रशासकीय अधिकृत**